त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
कानून संकाय,डीनको कार्यालय
FACULTY OF LAW, DEAN'S OFFICE

पत्र संख्याः-
Ref. No.
चलानी नं:-

(प्रवेश परीक्षा संचालन समिति)

मितिः २०८३।०४।१५

**१० सेमेष्टर स्नातक (बी.ए.एलएल.बी.) तह प्रथम सेमेष्टरमा भर्ना हुनका लागि संचालन हुने प्रवेश परीक्षा-२०८३ को लागि परीक्षा केन्द्र, परीक्षा समय, सिम्बोल नं.कायम गरिएको सूचना सम्बन्धमा !**

यस संकायबाट शैक्षिक सत्र २०८३।०८४ को लागि **१० सेमेष्टर स्नातक** (बी.ए.एलएल.बी.) तह **प्रथम सेमेष्टरमा** भर्ना हुनका लागि **मिति २०८३।०४।२३ गते शनिबारका दिन दिनको ११:०० बजे देखि २:०० बजे सम्म** संचालन गरिने प्रवेश परीक्षाको लागि प्रवेश परीक्षा संचालन समितिको मिति २०८३।०४।१५ गतेको निर्णयानुसार देहाय बमोजिमको **परीक्षा केन्द्र, परीक्षा संचालन हुने समय र परीक्षार्थीहरुको सिम्बोल नम्बर कायम** गरीएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | परीक्षा केन्द्र | परीक्षा समय | परीक्षा सिम्वोल नम्बर |
|---|---|---|---|
| १. | महेन्द्र रत्न क्याम्पस, ताहाचल, काठमाडौं | दिनको ११:०० बजे देखि २:०० बजेसम्म | १ देखि ५५० सम्म |
| २. | पद्यमकन्या बहुमुखी क्याम्पस, बागबजार,काठमाण्डौ | | ५५१ देखि १३१४ सम्म |
| ३. | महेन्द्र बहुमुखी क्याम्पस, धरान | | १३१५ देखि १४२१ सम्म |
| ४. | महेन्द्र बहुमुखी क्याम्पस, बाँके, नेपालगंज | | १४२२ देखि १४८५ सम्म |
| ५. | बुटवल बहुमुखी क्याम्पस, रुपन्देही, बुटवल | | १४८६ देखि १५८२ सम्म |
| ६. | पृथ्वीनारायण क्याम्पस, बगर, पोखरा | | १५८३ देखि १६५४ सम्म |

**द्रष्टव्य :**

❖ **परीक्षार्थीले प्रवेशपत्र Download गर्दा देहाय बमोजिमको कुरामा ध्यान दिनुपर्नेछ :**

1. Visit the website www.fol.edu.np or fol.tu.edu.np
2. Click on Online Application (B.A. LL.B.)
3. Click on Check your status/Print Admit Card.
4. Fill up the form as shown.
5. Click on download option.
6. You will receive Admit card.

Phone No.: +977-01-5326586, 01-5330516, P.O. Box No.: 19445, Balkhu, Kathmandu, Nepal
E-mail: admin@fol.tu.edu.np Website: fol.tu.edu.np

त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
कानून संकाय,डीनको कार्यालय
# FACULTY OF LAW, DEAN'S OFFICE

पत्र संख्याः-
**Ref. No.**
चलानी नं:-

(प्रवेश परीक्षा संचालन समिति)

मितिः २०८३।०४।१५

**If Users find restriction on downloading, please follow the Add-on Instructions:**

1. On your computer, open Chrome.
2. At the top right, click more settings.
3. Click privacy and security, Third-Party Cookies.
4. Select an option: ALLOW Third-Party Cookies.

**If Users find restriction while downloading, Use MOBILE PHONE as alternative.**

## परीक्षार्थीले परीक्षा दिंदा अनिवार्य पालना गर्नुपर्ने नियमहरु :

- परीक्षार्थीले परीक्षा भवनमा निषेधित बस्तुहरु **(Mobile Phone, Calculator, Bluetooth, I-Pad, Tablet PC, Earphones, Smart Watch)** जस्ता कुनै पनि **Electronic / Digital** उपकरणहरु ल्याउन पाउने छैन, यदि साथमा राखेको पाइएमा वा परीक्षा सञ्चालन कार्यमा खटिएका कुनै पनि व्यक्तिहरु उपर परीक्षार्थीले अभद्र व्यवहार गरेमा केन्द्राध्यक्षले त्यस्ता परीक्षार्थी उपर तत्काल कारवाही गर्नुका साथै परीक्षा हलबाट तुरुन्त निष्काशन गर्न सक्नेछन् ।
- परीक्षार्थीले उत्तरपुस्तिकामा रेजा ✓ (Tick) चिन्ह लगाउनु अगाडि उत्तरपुस्तिका र प्रश्नपत्रमा उल्लेखित SET रुजु गरेर मात्र रेजा ✓ (Tick) लगाउनुपर्नेछ । प्रश्नपत्रमा उल्लेखित SET बाहेक अन्य SET को उत्तरपुस्तिकामा रेजा (Tick) ✓ लगाएमा विद्यार्थी स्वयं जवाफदेही हुनेछ ।
- उत्तरपुस्तिकामा आफ्नो सिम्बोल नं. स्पष्ट बुझिने गरी अंक र अक्षरमा लेख्नुपर्नेछ । सिम्बोल नं. नलेखिएको वा नबुझिने गरी लेखिएको उत्तरपुस्तिका परीक्षण गरिने छैन । साथै उत्तरपुस्तिकामा परीक्षार्थीले हस्ताक्षर अनिवार्य गर्नुपर्नेछ ।
- परीक्षार्थीहरुले प्रवेश पत्र प्रिन्ट गरी परीक्षा केन्द्रमा लिएर जानुपर्नेछ । परीक्षार्थीले परीक्षा अवधिभर आफ्नो प्रवेश पत्रका साथ अन्य कुनै परिचय खुल्ने कागज (कक्षा १२ को प्रवेश-पत्र, नागरिकता, ड्राईभिङ लाइसेन्स, मतदाता परिचयपत्र तथा राष्ट्रिय परिचयपत्र) अनिवार्य रुपमा साथमा राख्नु पर्नेछ । प्रवेश पत्र र परिचयपत्र विना परीक्षार्थीलाई परीक्षा हलमा प्रवेश गर्न दिइने छैन ।

Phone No.: +977-01-5326586, 01-5330516, P.O. Box No.: 19445, Balkhu, Kathmandu, Nepal
E-mail: admin@fol.tu.edu.np Website: fol.tu.edu.np

त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
कानून संकाय डीनको कार्यालय
FACULTY OF LAW, DEAN'S OFFICE

पत्र संख्याः-
**Ref. No.**
चलानी नं:-

(प्रवेश परीक्षा संचालन समिति)

मितिः २०८३।०४।१५

- परीक्षार्थीहरुले उत्तरपुस्तिकामा अनिवार्य **कालो मसी मात्र (BLACK INK ONLY)** प्रयोग गर्नु पर्नेछ। **कालो मसी** बाहेक आंशिक वा पुरा रुपमा अन्य रङ्को मसी वा सिसाकलम (Pencil) प्रयोग गरेको पाईएमा त्यस्तो उत्तरपुस्तिका स्वत रद्द हुनेछ ।
- वस्तुगत उत्तरपुस्तिकामा तोकिएको कोष्ठ भित्र ✓ (Tick) लगाउनुपर्नेछ । ✓ (Tick) बाहेक अन्य चिन्ह वा संकेत प्रयोग गरेको पाईएमा उक्त उत्तरपुस्तिका परीक्षण गरिने छैन । दुईवटा कोष्ठ भित्र ✓ Tick) लगाएमा एउटा ✓ को उत्तर सही ठिक भएपनि गणना गरिने छैन ।
- परीक्षा शुरु भएको **आधा घण्टा** पछि कुनै पनि परीक्षार्थीलाई परीक्षा हलमा प्रवेश गर्न दिइने छैन । साथै परीक्षा प्रारम्भ भएको **एक घण्टा पछि मात्र परीक्षा हल छाड्न** पाउनेछन् ।
- परीक्षार्थीले तोकिएको सिटप्लान अनुसार निर्धारित स्थानमा बसी परीक्षा दिनु पर्नेछ । केन्द्राध्यक्ष वा निरीक्षकको अनुमति विना आफ्नो सिट स्वेच्छाले हेरफेर गर्न पाइने छैन । यदि हेरफेर गरेको पाइएमा केन्द्राध्यक्षले त्यस्तो परीक्षार्थीलाई तत्काल परीक्षाहलबाट निष्काशन गर्न सक्नेछ ।

पुनश्चः

- ***यस संकायको बी.ए.एलएल.बी. प्रवेश परीक्षाका लागि दस्तुर दाखिला गरि अनलाईन आवेदन फाराम भरेका तर आवेदन स्वीकृत भै फारम भर्दा दस्तुर दोब्बर, तेब्बर बुझाएका आवेदकहरुको दस्तुर तथा दस्तुर तिरी अनलाइन फारम नभरेको आवेदकहरुको दस्तुर प्रवेश परीक्षाको नतिजा प्रकाशन भए पश्चात् नियमानुसार फिर्ता गरिने व्यहोरा समेत सम्बन्धित सूचित गरिन्छ ।***

डा.नेवल चौधरी
सहायक डीन एवं संयोजक
प्रवेश परीक्षा संचालन समिति

Phone No.: +977-01-5326586, 01-5330516, P.O. Box No.: 19445, Balkhu, Kathmandu, Nepal
E-mail: admin@fol.tu.edu.np Website: fol.tu.edu.np